१०. **बैठक भत्ता तथा खाजा खर्च** : समिति तथा समितिले गठन गरेको उपसमिति वा कार्यदलको बैठक कार्यालय समय अघि वा पछिको समयमा बसेको अवस्थामा त्यस्तो समिति, उपसमिति वा कार्यदलका संयोजक, सदस्य तथा आमन्त्रित व्यक्तिले आयोगले गठन गरेका समानस्तरका अन्य समिति, उपसमिति वा कार्यदलका पदाधिकारी, सदस्य तथा आमन्त्रित व्यक्तिले पाए सरहको बैठक भत्ता तथा खाजा खर्च पाउनेछन् ।

११. **उजुरी उपर कारबाही गर्ने तथा निर्वाचन विवाद निरुपण गर्ने अधिकारीको विवरण** : उजुरी उपर कारबाही गर्ने तथा विवाद निरुपण गर्ने निकाय तथा अधिकारी र त्यस्तो निकाय वा अधिकारीबाट हुने कारबाहीको विवरण अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

१२. **प्रतिवेदन तयार गर्ने** : (१) मतदान अधिकृतले यस निर्देशिका बमोजिम गरेको निर्वाचन विवाद निरुपण सम्बन्धी कारबाहीको विवरण सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम गरेको विवाद निरुपण सम्बन्धी कारबाहीको विवरण सहितको प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ । यसरी प्रतिवेदन तयार गर्दा उपदफा (१) बमोजिम मतदान अधिकृतले पेश गरेको विवरण समेत समावेश गर्नु पर्नेछ ।

(३) आयोगले विवाद निरुपण सम्बन्धमा भएका कारबाहीको विवरण सहितको प्रतिवेदन तयार गर्नेछ । यसरी प्रतिवेदन तयार गर्दा उपदफा (२) बमोजिम निर्वाचन अधिकृतले पेश गरेको प्रतिवेदनमा उल्लिखित विवरण समेत समावेश गर्नु पर्नेछ ।

१३. **समितिको कार्यावधि** : (१) समितिको कार्यावधि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको निर्वाचन सम्पन्न भई अन्तिम नतिजा प्रकाशन नभएसम्म कायम रहनेछ ।

(२) उपदफा (१) बमोजिम समितिको कार्यावधि समाप्त भए पछि समितिमा कारबाहीको क्रममा रहेका उजुरी तथा निर्वाचन विवाद निरुपण सम्बन्धी विषय आयोगमा पेश हुनेछन् ।

(१) दफा २१ बमोजिम उम्मेदवारको योग्यता सम्बन्धी उजुरी सम्बन्धमा,
(२) दफा २२ को उपदफा (३) बमोजिम मनोनयन पत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्ने सम्बन्धमा,
(३) दफा २३ बमोजिम उम्मेदवारको मनोनयनपत्र बदर गर्ने सम्बन्धमा,
(४) दफा ३१ बमोजिम निर्वाचन चिन्ह वितरण सम्बन्धमा,
(५) दफा ४४ बमोजिम मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएकोमा मतदान रद्द गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,
(६) दफा ४५ बमोजिम विशेष परिस्थितिमा मतदानको काम हुन नसक्ने कुरामा विश्वस्त भएमा मतदान कार्य तत्काल स्थगित गरी आयोगलाई जानकारी दिने सम्बन्धमा,
(७) दफा ४६ बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भएकोमा मतदान अधिकृतले दिएको प्रतिवेदन समेतको आधारमा आयोगलाई प्रतिवेदन दिने र आयोगको निर्देशन अनुसार त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्ने सम्बन्धमा,
(८) दफा ५४ बमोजिम मतगणना पूरा हुनुअघि मतपत्र नोक्सान भएमा मतगणनाको काम स्थगित गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,
(९) दफा ५५ बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएकोमा मतगणनाको कार्य तत्काल स्थगित गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,
(१०) दफा ५६ बमोजिम मतपत्र बदर गर्ने सम्बन्धमा,
(११) दफा ५७ बमोजिम दोहोऱ्याई मतगणना गर्ने सम्बन्धमा,
(१२) दफा ५९ बमोजिम मत बराबर भएकोमा गोला हाली निर्णय गर्ने सम्बन्धमा,
(१३) निर्वाचन सम्बन्धमा कुनै विवाद उत्पन्न भई निर्वाचन अधिकृतले निरुपण गर्नु पर्ने अन्य कुनै विषयमा ।

**३. मतदान अधिकृतबाट कारबाही हुने प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ सँग सम्बन्धित विषयहरु :**

(१) दफा ४० बमोजिम नाम ढाँटी मतदान गर्न आएको विषयमा पर्ने उजुरी सम्बन्धमा,
(२) दफा ४१ को उपदफा (२) बमोजिम हातहतियार लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न नदिने सम्बन्धमा,
(३) दफा ४४ बमोजिम मतपेटिका नोक्सान भएमा वा तोडफोड भएमा निर्वाचन अधिकृतलाई प्रतिवेदन दिने सम्बन्धमा,
(४) दफा ४५ बमोजिम विशेष परिस्थितिमा मतदान स्थगित गर्ने सम्बन्धमा,
(५) दफा ४६ बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान स्थगित गर्ने सम्बन्धमा,
(६) दफा ६९ बमोजिम निविदा मतपत्र दिने सम्बन्धमा,
(७) मतदान सम्बन्धमा कुनै विवाद उत्पन्न भई मतदान अधिकृतले निरुपण गर्नु पर्ने अन्य कुनै विषयमा ।